वैठक संख्याः १५

आज मति २०७५।०५।०१ गते मंगलवार वहान ८:०० बजे बेलबारी नगरपा लकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपा लकाका तप शल बमोजिमका पदा धकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तप शल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री वश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गता शवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गता गरी | सदस्य | उपस्थित |
| २० | श्री शवनाथ धमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शवा | सदस्य | उपस्थित |
| २२ | श्री गणेश प्रसाद दाहाल | स चव | उपस्थित |
| | | | |

**प्रस्तावहरु**

१ टोल बिकास संस्था दर्ता अनुमोदन सम्बन्धमा
२ कार्यक्रम दरबन्दि स्वीकृति र जनशक्ति पदपुर्ती सम्बन्धमा (स्वास्थ्य, प्राविधिक र नगर प्रहरी )
३ फोहोरमैला व्यवस्थापन सम्बन्धमा
४ भ्रमण अनुमोदन सम्बन्धमा
५ प्रगति समिक्षा

**निर्णय नं १:**
बेलबारी नगरपालिकाका वडाहरुमा गठन भई आएका तपशिल अनुसारका टोल विकास संस्थाहरु दर्ता निर्णय भएकोमा तपसिल बमोजिमका संथाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.सं | टोल विकास संस्थाको नाम | ठेगाना | दर्ता नं |
|---|---|---|---|
| १ | श्रृजनशिल टोल विकास संस्था | बेलबारी १० | १२६ |
| २ | नमुना टोल विकास संस्था | बेलबारी १० | १२७ |
| ३ | रणपाल महाराजथान टोल विकास संस्था | बेलबारी ८ | १२८ |
| ४ | प्रगतिशिल टोल विकास संस्था | बेलबारी ८ | १२९ |
| ५ | सुर्योदय टोल विकास संस्था | बेलबारी ८ | १३० |
| ६ | सभ्यता टोल विकास संस्था | बेलबारी ७ | १३१ |
| ७ | नवप्रभात टोल विकास संस्था | बेलबारी ७ | १३२ |
| ८ | अभियान टोल विकास संस्था | बेलबारी ७ | १३३ |
| ९ | श्री कालीस्थान टोल विकास संस्था | बेलबारी ७ | १३४ |
| १० | श्री दौलतपुर टोल विकास संस्था | बेलबारी ७ | १३५ |
| ११ | साङ्ली ईनार स्कुल डाडा टोल विकास संस्था | बेलबारी ७ | १३६ |
| १२ | तेलकुडी टोल विकास संस्था | बेलबारी ५ | १३७ |
| १३ | वरियाती भ्रार टोल विकास संस्था | बेलबारी ८ | १३८ |
| १४ | सुकुना टोल विकास संस्था | बेलबारी ८ | १३९ |
| १५ | बासबारी लालंवस्ती गढीगाउ टोल विकास संस्था | बेलबारी ८ | १४० |
| १६ | शिदार्थ टोल विकास संस्था | बेलबारी १ | १४१ |
| १७ | हातेमालो टोल विकास संस्था | बेलबारी १ | १४२ |
| १८ | जमुनाबारी टोल विकास संस्था | बेलबारी ४ | १४३ |

**निर्णय नं २**: कार्यक्रम दरबन्दि स्वीकृति र जनशक्ति पदपुर्ती सम्बन्धमा स्वस्थ्य, प्राविधिक र नगर प्रहरीको पदपुर्ति निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) स्वास्थ्य

| सि.न. | कार्यक्रम जनशक्ति | उदेश्य | कर्मचारी व्यवस्थापन प्रकृया | करार अवधि | स्थान |
|---|---|---|---|---|---|
| १ | क) अहेव १<br>ख)अनमी १ | आधारभूत स्वास्थ्य सेवा | करार | २०७६ असार मसान्त सम्म | सहरी स्वस्थ्य केन्द्र बेलवारी ६ |
| २ | कार्यलय सहयोगि १ | सरसफाई | करार | २०७६ असार मसान्त सम्म | बेलवारी ६ |
| ३ | रेडियो ग्राफर / डार्करुम असिस्टेन्ट १ | आधारभूत स्वास्थ्य सेवा | करार | २०७६ असार मसान्त सम्म | बाहुनी प्रा. स्वास्थ्य केन्द्र बेलवारी ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ल्याव असिस्टेन्ट १ | आधारभूत स्वास्थ्य सेवा | करार | २०७६ असार मसान्त सम्म | डाँगीहाट स्वास्थ्य चौकी बेलवारी ९ |

ख) प्राविधिक

| सि.न. | जनशक्ति | उदेश्य | कर्मचारी व्यवस्थापन प्रकृया | करार अवधि | स्थान |
|---|---|---|---|---|---|
| १ | ईन्जिनियर अधिकृत छैठौ सिभिल/आर्किटेक्ट १ जना | प्राविधिक सेवा | करार | २०७६ असार मसान्त सम्म | बेलवारी नगरकार्यपालिका को कार्यालय |
| २ | सब ईन्जिनियर १ जना | प्राविधिक सेवा | करार | २०७६ असार मसान्त सम्म | बेलवारी नगरकार्यपालिका को कार्यालय |
| ३ | कार्यालय सहयोगी ५ जना | | करार | २०७६ असार मसान्त सम्म | ,, |

ग) नगरप्रहरी

| सि.न. | जनशक्ति | उदेश्य | कर्मचारी व्यवस्थापन प्रकृया | करार अवधि | स्थान |
|---|---|---|---|---|---|
| १ | हबल्दार १ | बजार व्यवस्थापन अनुगमन | करार | २०७६ असार मसान्त सम्म | बेलवारी नगरकार्यपालिका को कार्यालय |
| २ | प्रहरी जवान ३ | बजार व्यवस्थापन अनुगमन | करार | २०७६ असार मसान्त सम्म | बेलवारी नगरकार्यपालिका को कार्यालय |

**निर्णय नं ३**:

फोहोरमैला व्यवस्थापन सम्बन्धमा वडाको तर्फबाट अबस्था बिश्लेशण सहित बैठकमा प्रस्तुत भएकोमा फोहोर मैला व्यवस्थापनकार्यलाई प्रथमिकताका साथ व्यवस्थापन गदै लैजाने बिषयमा बैठकमा सहमत हुदै थप छलफल सहित आगामि बैठकमा निर्णय गर्ने सहमति गरियो ।

**निर्णय नं ४**:

नगरपालिकाको कामको शिलसिलामा मिति २०७५।३।१६ देखि ३।२६ सम्म जम्मा ११ दिन भएको नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीको काठमाडौ भ्रमण गाँउ सभा तथा नगरसभा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ८ को उपदफा ४ बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**: प्रगति समिक्षा सम्बन्धमा वडा, बिषयगत क्षेत्र र नगर स्तरका जम्मा १७ ओटा प्रस्तुतिकरण भएकोमा निम्न अनुसार सुझाव र सुधार गर्ने निर्णय गरियो ।

क) आगामी आ.व. देखि सबै वडाहरुले आ-आफ्नो वार्षिक कार्यक्रमको प्रगति समिक्षा तयार गरी प्रस्तुत गर्नको लागि वडाहरुलाई सुझाव दिईयो ।

ख) बिषयगत क्षेत्र तथा नगरस्तरीय समग्र कार्यक्रमहरुको प्रगति समिक्षा सन्तोषजनक रहेको हुदाँ आगामी आ.व.मा प्रभावकारी रुपमा योजनाहरुको कार्यान्वयन साथै अनुगमन मुल्याकंन प्रक्रियालाई संस्थागत गराउने निर्णय गरियो ।

**निर्णय नं ६**: आ.व. २०७४/०७५ को विनियोजित तपशिल बमोजिमको शिर्षकहरुमा बढी खर्च भएकोले खर्च समर्थन गर्ने निर्णय गरियो ।

| सि.नं. | खर्च शिर्षक | विनियोजन रु. | खर्च रु. | बढी भएको खर्च |
|---|---|---|---|---|
| १ | वैठक भत्ता | ७५०००००.०० | १२७४६००.०० | ५२४६००.०० |
| २ | पदाधिकारी वैठक भत्ता | १४२५०००.०० | १६९८०००.०० | २७३०००.०० |
| ३ | सन्चार महशुल | ८०००००.०० | ९१९२६९.०० | ११९२६९.०० |
| ४ | कार्यालय सम्बन्धि खर्च | ६९१८०००.०० | ८७६८४६५.१५ | १८५०४६५.१५ |

**निर्णय नं ७**: दोश्रो नगरसभाको बेजट, नीति तथा कार्यक्रमको सुशासन सम्बन्धि नीतिको २२ औं बुदाँमा राष्ट्र सेवक कर्मचारीलाई उपब्लध गराउने सेवा सुविधाको सवालमा नगर कार्यपालिकाले विश्लेषणगरी दिन सक्ने व्यवस्था भएकोले विगत आ.व.मा नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मात्र नयाँ संरचना अनुसार कामको जिम्मेवारी धेरै सम्पादन र व्यवस्थापन गर्नु पर्ने भएकोले मासिक रुपमा खाईपाई आएको तलबको २८ प्रतिशत थप दिईदै आएको सुविधालाई चालु आ.व. २०७५/०७६ को लागि समेत सोही बमोजिम २०७५ श्रावण महिना देखि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८**: बेलबारी नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यालय सहयोगीहरुको अभाव भई कार्य सम्पादनमा समस्या आईरहेको हुदाँ ५ जना कार्यालय सहयोगीहरु सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।